नेपाल सरकार
शिक्षा मन्त्रालय
# छात्रवृत्ति शाखा
केशरमहल www.moe.gov.np

## BN,BPH, B.Pharmacy, BMLT, BMIT, BAMS, BSc.Forestry लगायतका विषयहरूमा छात्रवृत्ति छनोट परीक्षाका लागि आवेदनसम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः२०७१।११।०९)

नेपाल सरकारलाई स्वदेश तथा विदेशबाट प्राप्त हुन आउने BN,BPH, B.Pharmacy, BMLT, BMIT, BAMS, BSc.Forestry लगायतका विषयहरूमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूमा November Session, 2014 र काठमाडौं विश्वविद्यालयबाट सम्बन्धन प्राप्त शिक्षण संस्थाहरूमा August Session, 2015 का साथै यो योग्यताक्रम कायम भए पश्चात स्वदेश तथा विदेशबाट उल्लिखित विषयमा प्राप्त हुने निःशुल्क, आंशिक तथा स-शुल्क छात्रवृत्तिमा अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएकोले तपसिलको योग्यता पुरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिएको छ ।

यस मन्त्रालयलाई प्राप्त भएको छात्रवृत्ति मध्ये साधारण तर्फ ५५ प्रतिशत र आरक्षण तर्फको ४५ प्रतिशतलाई तपशिल अनुसार वितरण गरिने छ ।

क) आर्थिक वा सामाजिक रूपमा विपन्नका लागि ..........................................................२५% मध्ये
  १) मधेशी समुदायका लागि ............................................२०%
  १क) मधेशी समुदायका लागि आरक्षित २०% मध्ये मधेशी दलित समुदायका व्यक्तिलाई ....३%
  २) मुस्लिम समुदायका लागि ............................................२%
  ३) बेपत्ता पारिएका व्यक्ति र सहिद परिवार तथा घाइते वा निजको सन्ततिका लागि ..............३%
ख) महिलाको लागि .................................................................................................३३%मध्ये
  १) दलित समुदायका महिलाका लागि ................................३%
  २) मुस्लिम समुदायका महिलाका लागि ............................२%
ग) अपाङ्गको लागि ...................................................................................................२%
घ) जनजातिको लागि ................................................................................................२७%
ङ) दलितको लागि ........................................................................................................९%
च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिको लागि ..................................................................४%

तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिने छ ।

### १. आवेदनका लागि आवश्यक न्युनतम योग्यता

१. BN: PCL Nursing वा सो सरहको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको र नेपाल नर्सिङ् परिषदमा दर्ता भई प्रमाणपत्र प्राप्त गरेको मितिले दुई वर्ष मान्यता प्राप्त स्वस्थ्य संस्थामा कार्यानुभव गरेको ।
२. BAMS: उत्तर मध्यमा तहका (Physics, Chemestry, Biology, English) वा PCL in Tradional General Medicine वा सो सरहको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको ।
३. BPH: PCL General Medicine, Diploma in Pharmacy, PCL Nursing, CMLT वा सो सरहको परीक्षामा कम्तीमा ५० प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको ।
४. BMLT: CMLT वा सो सरहको परीक्षामा कम्तीमा ५० **प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको ।**
५. B Pharmacy: Diploma in Pharmacy वा सो सरहको परीक्षामा कम्तीमा ५० **प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको ।**
६. BSc. Forestry: PCL/Diploma in Forestry, 10+2(Physics Group) वा सो सरहको परीक्षामा कम्तीमा ५० **प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको ।**
७. BMIT: Diploma in Diagnostic Radiography वा सो सरहको परीक्षामा कम्तीमा ५० **प्रतिशत अङ्क प्राप्त गरी उत्तिर्ण गरेको ।**

### २. दरखास्त सम्बन्धी व्यवस्था :

मिति २०७१ फागुन १० देखि २०७१ फागुन १६ गतेसम्म यस मन्त्रालयको वेबसाइट (www.scholarship.moe.gov.np or www.moe.gov.np) मा अनलाइनबाट दरखास्त दिन सकिने छ ।

दुई वा सो भन्दा बढी विषयमा आवेदन गरेको पाइएमा परीक्षा रद्द गरिने हुँदा आवेदन गर्दा आफ्नो योग्यता पुग्ने एउटा मात्र विषयमा आवेदन गर्नु होला । झुट्टा विवरण पेस गरी आवेदन गरेमा दुई वर्षसम्मका लागि अयोग्य हुने गरी सुचीकृत गरिने हुँदा यथार्थ विवरण मात्र आवेदनमा उल्लेख गर्नु होला ।

## ३. प्रवेशपत्र बुझिलिन आउदा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :

(क) **General Group (साधारण समुह ) :**

प्रवेशपत्र बुझिलिन आउँदा राजश्व बुझाएको सक्कलै भौचर, Online Registration Confirmation Page, नागरिकता प्रमाण पत्र लगायत देहायमा उल्लिखित कागजातहरूको फोटोकपी सिलसिलेवार रूपमा फाइलमा राखी फाइल बाहिर आफ्नो Online Registration Number, नामथर उल्लेख गरी छात्रवृत्ति शाखा, केशरमहलमा बुझाउनुपर्ने छ । प्रवेशपत्र प्राप्त गर्न उम्मेदवार आफै उपस्थित भई उल्लिखित कागजातहरुको सक्कल प्रति समेत साथै ल्याउनु पर्ने छ ।

- Diploma वा सो सरह उत्तीर्ण गरेको transcript, Original/Provisional certificate को प्रतिलिपि । नेपाल बाहिरको बोर्ड भए सम्बन्धित बोर्डबाट जारी गरिएको मार्कसिटका साथ pass certificate/degree awarded certificate/provisional certificate/migration certificate र समकक्षता निर्धारण भएको पत्रको प्रतिलिपि
- SLC को मार्कसिटको प्रतिलिपि
- सम्बन्धित काउन्सिलको स्थायी दर्ता प्रमाणपत्रको प्रतिलिपि
- कार्यअनुभवको प्रमाण (BN विषयका लागि मात्र )

**(ख)** Community School Group **(सामुदायिक विद्यालय तर्फको आरक्षण समूह) :** (विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्बन्धी सिफारिस र आरक्षित समूह सम्बन्धी प्रमाण समेत ३ वटै प्रमाण पेश गर्नसक्ने उम्मेदवारका लागि) यस समूहमा आवेदन गर्ने उम्मेदवारहरूले माथि General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै निम्न कागजात समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्ने छ ।

(१) एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र ।

(२) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नताको कारण खुलाई छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ ख. अनुरूपको ढाँचामा मिति २०७१ फागुन ०८ गते पछि जारी गरेको विपन्नताको सिफारिस पत्र ।

(३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट सिफारिस पत्र ।

| आरक्षण समूह | सिफारिस गर्ने निकाय तथा व्यहोरा |
|---|---|
| **मधेशीः** | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । |
| **मधेशी दलितः** | मधेशी दलित समुदायको व्यक्ति भएको व्यहोरा खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा राष्ट्रिय दलित आयोगको दलित समुदायको व्यक्ति भएको व्यहोरा खुलेको सिफारिस पत्र वा परिचय पत्र र सम्बन्धित जिल्ला प्रशासन कार्यालयको मधेशी समुदायको व्यक्ति भएको व्यहोरा खुलेको सिफारिस पत्र ।<br>(राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरू मात्र) |
| **मुस्लिमः** | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । |
| **शहिद तथा बेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाईते वा निजको सन्ततीः** | गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र । |
| **महिलाः** | विपन्नताको सिफारिस पत्र र सरकारी विद्यालय सम्बन्धी सिफारिस पत्र । |
| **दलित महिलाः** | राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।<br>(राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरू मात्र) |
| **मुस्लिम महिलाः** | सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र । |
| **अपाङ्ग** | राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा अपाङ्ग परिचय पत्र का साथै दर्तावाल चिकित्सकबाट निज चिकित्सा विषय अध्ययन गर्न सक्षम छ भनी लेखिदिएको सिफारिस पत्र । |
| **जनजाति** | आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र ।<br>(आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सूचिकृत जातिहरू मात्र) |
| **दलित** | राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र । (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जातिहरू मात्र) |
| **पिछडिएको दुर्गम क्षेत्रका व्यक्ति** | सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट निज दरखास्त दिदाका वखत सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको सिफारिस पत्र र पिछडिएको दुर्गम क्षेत्रमा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्र (अछाम, बाजुरा, बझाङ्, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट र जाजरकोट) |

**(ग)** Other School Group **(अन्य विद्यालय तर्फको आरक्षण समूह) :**

यस समूहमा आवेदन गर्ने उम्मेदवारहरूले माथि General Group (साधारण समूह) का लागि तोकिएका कागजातका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुदा नं. ३ को ख(३) मा तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्ने छ ।

**आरक्षण तर्फ आवेदन गर्ने सबै उम्मेदवारलाई स्वतः** General Group **(साधारण समूह) मा समेत समावेश गरिने छ ।**

***४.राजश्व सम्बन्धी व्यवस्थाः*** Online Registration Number प्राप्त गरेका आवेदकहरूले राजश्व वापतको रकम आवेदन खुला गरिएको दिनदेखि प्रवेशपत्र वितरण अवधिसम्म राष्ट्रिय वाणिज्य बैंक, ठमेल शाखा वा छात्रवृत्ति शाखा, केशरमहल परिसरमा रहेको बैंक काउन्टरमा राजश्व वापत रू.एक हजार (१०००।-)दाखिला गर्न पाउने व्यवस्था गरिएको छ ।

## ५. प्रवेशपत्र वितरण समय तालिकाः

| अनलाइन | वितरण मिति | समय | स्थान | आवश्यक कागजात |
|---|---|---|---|---|

| रजिस्ट्रेसन नम्बर | | | | |
|---|---|---|---|---|
| अनलाइन र.नं.००१ देखि ४०० सम्म | २०७१ फागुन १७ गते | अपरान्ह १२:३० बजे देखि | छात्रवृत्ति शाखा, केशरमहल | प्रवेश पत्र प्राप्त गर्न अनिवार्य रूपमा पेस गर्नुपर्ने कागजातहरूको सक्कल तथा एक एक प्रति प्रतिलिपि । |
| अनलाइन र.नं. ४०१ देखि देखि माथि | २०७१ फागुन १८ गते | | | |

६. **परीक्षा मिति र समय : २०७१ फाल्गुन ३० गते शनिबार, अपरान्ह १:०० बजे ।**

६. **(क) परीक्षा केन्द्र : पछि सूचना प्रकाशन गरिने छ ।**

७. **क) परीक्षाको किसिम : लिखित** (Multiple Choice Questions) **।**

**ख) परीक्षाको समय : दुई घण्टा ।**

ग) पाठ्यक्रमः

i. BN, B Pharmacy, BMLT / BPH/BMIT को लागि Basic Knowledge of Health Sciences.

ii. BSc. Forestry को लागि Basic Knowledge of Forestry.

iii. B.A.M.S को लागि Basic Knowledge of Ayurbeda.

८. **अङ्क :** लिखित परीक्षाको पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ५० हुनेछ । लिखित परीक्षामा प्रत्येक सही उत्तरका लागि १ अङ्क प्राप्त हुने, प्रत्येक गलत उत्तरका लागि प्राप्ताङ्कबाट ०.२५ घटाइने र एक भन्दा बढी उत्तरमा चिन्ह लगाएमा कुनै अङ्क प्राप्त नहुने तथा प्राप्ताङ्कबाट अङ्क नघटाइने प्रावधान रहेको छ ।

९. **योग्यताक्रम :** लिखित परीक्षामा उत्तीर्ण (कम्तिमा ५० वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने) परीक्षार्थीहरूको प्राप्ताङ्कमा सम्बन्धित विषयका लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको परीक्षामा प्राप्त गरेको कुल प्रतिशतको ५ प्रतिशत अङ्क जोड गरी योग्यताक्रम कायम गरिने छ ।

**१०. पुनःश्च उपर्युक्त अनुसार माग गरिएका कागजातहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । कुनै शर्तका आधारमा आवेदन स्वीकृत गरिने छैन ।**

देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७१/११/०८ देखि २०७१/११/ १६ गते भित्रको सम्वन्धित व्यक्ति बसोबास गरेको गाविस/नपा/उपमहानपा वा महानपा को **Letter Pad** मा आधिकारीक पदाधिकारीबाट प्रमाणित भएको हुनुपर्ने छ अन्यथा आवेदन स्वीकृत नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

विपन्नताको सिफारिस ढाँचा

अनुसूची –१ख.

(नियम १३क. को उपनियम (३) सँग सम्बन्धित)

श्री शिक्षा मन्त्रालय

केशरमहल, काठमाडौ ।

विषय :– विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ..................को नाति/नातिनी श्री ................ को छोरा/छोरी ........... जिल्ला ........................गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा.

............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती ................... मिति .......... देखि ........ सम्म .................................... सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ................................................................. कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,–

सही :

नामः

पदः

कार्यालयको छाप :

कार्यालयः